पाठ
५

# प्रत्येक व्यक्ति शिक्षक हुन सक्छ

सिकाउने ख्रीष्टियानहरूका जीवनमा अति महान् आशिष्हरू आउँछन्। कसैले येशूलाई मुक्तिदाताका रूपमा ग्रहण गर्दा उसले पाएको आनन्द तपाईंले देख्नुभएपछि, तपाईंले पनि वास्तविक आनन्दको अनुभव गर्नुहुन्छ। तपाईंले सिकाउनुभएको कारण कोही व्यक्ति ख्रीष्टियान बन्छ वा प्रभुमा वृद्धि हुन्छ भने तपाईंको आनन्द अति नै ठूलो हुन्छ।

प्रत्येक व्यक्तिले किन सिकाउनुपर्छ र उसले सिकाउन सक्छ भने सम्बन्धमा तपाईंले यस पाठमा हेर्नुहुनेछ। हामी सिकाउन सक्दैनौं भनी हामी भन्न सक्दैनौं। यो परमेश्वरको योजना हो र यो पूरा गर्नका लागि उहाँले हामीलाई सहायता गर्नुहुन्छ।

यदि तपाईं परमेश्वरको योजना पालन गर्नका लागि इच्छुक हुनुहुन्छ भने, तपाईंले परमेश्वरको आनन्द प्राप्त गर्नुहुनेछ। जीवनमा सबैभन्दा ठूलो आनन्दचाहिँ कोही व्यक्तिको जीवनको



निम्ति परमेश्वरको इच्छा पत्ता लगाउनका लागि उसलाई सहयोग पुऱ्याउनु हो। तपाईंले यो गर्न सक्नुहुन्छ!

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

तपाईं आफै संलग्न हुनुहोस्
समर्पित हुनुहोस्
हरेक मौकालाई प्रयोग गर्नुहोस्।
तपाईंको वरदानलाई विकास गर्नुहोस्

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- प्रत्येक ख्रीष्टियान शिक्षणमा कसरी संलग्न हुन सक्छ सो व्याख्या गर्न।
- ख्रीष्टियान शिक्षकमा हुनुपर्ने समर्पणको आवश्यकतालाई वर्णन गर्न।
- शिक्षणसँग दैनिक जीवनका क्रियाकलापहरूलाई सम्बन्धित पार्न।
- शिक्षण सेवामा आफ्नो स्थानलाई निश्चित गर्न।

## तपाईं आफै संलग्न हुनुहोस्

उद्देश्य १: *ख्रीष्टियानहरू सिद्ध नभए तापनि तिनीहरूले कसरी सिकाउन सक्छन् व्याख्या गर्नुहोस्।*

परमेश्वरको वचनको शिक्षक ख्रीष्टियान नै हुनुपर्छ भनी हामीलाई थाहा छ। येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण नगरेका व्यक्तिहरूले पनि बाइबल सिकाउने प्रयास गरेका छन्। यसैले परमेश्वरका शिक्षाहरूलाई पूर्ण रूपमा बुझ्नका लागि तिनीहरूसँग पवित्र आत्माको सहयोग छैन। पावलले भनेका छन्:

> मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन (१ कोरिन्थी २:११)।

पहिलेको एक पाठमा हामीले सल्लाहकार अर्थात् पवित्र आत्माको बारेमा सिकिसकेका छौं। उहाँको कामको एक भागचाहिँ हामीलाई बाइबलको समझ (ज्ञान) दिनु हो।

सबै ख्रीष्टियानहरूले गएर सिकाउनुपर्छ भनी येशूले दिनुभएको आज्ञाको सम्बन्धमा हामीले पाठ १ मा अध्ययन गरिसकेका छौं। हामी ख्रीष्टियानहरू बनेपछि हामीले सिकाउनुपर्छ भन्ने कुराको आशा गरिएको छ।

"तर मता सिकाउन सक्दिनँ, बाइबलको बारेमा मलाई त्यत्ति धेरै थाहा छैन" भनी तपाईंले भन्नुहोला। अरूहरूलाई सिकाउन सक्नका लागि तपाईंले सबै कुराहरू जानेको हुनुपर्छ भनी तपाईंले विचार गरेको परमेश्वर चाहनुहुन्न। परमेश्वरको

वचनको बारेमा हामीले जान्नुपर्ने सबै कुराहरू हामीहरूमध्ये कसैलाई पनि थाहा छैन। हामीले जानेका कुरा हामीले सिकाएको उहाँ चाहनुहुन्छ। जब हामीले हाम्रा पापहरूबाट उद्धार पाउँछौं, हाम्रा निम्ति परमेश्वरले गर्नुभएका कुराहरूलाई हामीले हाम्रो परिवार र साथीहरूलाई बाँड्नुपर्छ। हाम्रो शिक्षण सेवाको शुरूवात नै यही हो।

हामी हाम्रो ख्रीष्टियान जीवनमा वृद्धि हुँदै जाँदा अरूहरूलाई सिकाउन सक्ने हाम्रो क्षमता पनि वृद्धि हुँदैजान्छ।

अरूहरूले भन्छन्, "म सिकाउन सक्दिनँ, किनकि म सिद्ध छैन। मेरो ख्रीष्टियान जीवनमा म अति नै कमजोर छु।" येशूले आफ्ना चेलाहरूका रूपमा छान्नुभएका मानिसहरू पनि सिद्ध थिएनन् भनी जान्नाले यसले तपाईंलाई सहयोग पुऱ्याउनुपर्छ। यी असिद्ध चेलाहरूले नै येशूको बारेमा अरूहरूलाई सिकाउनुपर्ने थियो।

यीमध्ये केही चेलाहरूका बारेमा हामी विचार गरौं। येशूका तीन जना घनिष्ठ चेलाहरूचाहिँ पत्रुस, याकूब र यूहन्ना हुन सक्छन्। याकूब र यूहन्नाचाहिँ दाजु-भाइ थिए। येशूले तिनीहरूलाई *बोअनर्गेश*, अर्थात् "गर्जनका छोराहरू" भन्ने नाउँ दिनुभयो (मर्कूस ३:१७) यी दाजु-भाइलाई येशूले यो नाम दिनुको कारण त्यहाँ थियो।

एक पल्ट याकूब र यूहन्नाले आफ्नो निम्ति येशूसँग कुरा गरिदिनका लागि आफ्नी आमालाई बिन्ती गरे। आफैले यसो गर्नका लागि चाहिँ तिनीहरू डराएका थिए। येशूको आउने राज्यमा तिनीहरू सबैभन्दा उत्तम ठाउँमा बस्न चाहन्थे। तिनीहरूले आफ्नो निम्ति चाहेका यो कुराचाहिँ अति स्वार्थी थियो। कुनै शहरमा तिनीहरूलाई प्रवेश गर्न नदिने मानिसहरूसँग अर्को पल्ट फेरि तिनीहरू रिसाएका थिए। ती मानिसहरूलाई नाश गर्नका

लागि स्वर्गबाट आगो बर्साउनका निम्ति तिनीहरूले येशूसँग बिन्ती गरे। याकूब र यूहन्नाले आफ्ना बारेमा मात्र विचार गरे। तर येशूको बारेमा अरूहरूलाई सिकाउनका लागि येशूले तिनीहरूलाई छान्नुभएको थियो।

ठीक काम गर्नेका लागि पत्रुसलाई अति नै कठिन थियो। येशूको निम्ति मर्नलाई तयार छु भन्ने व्यक्ति पत्रुस नै थिए। तर त्यसको केही घण्टा पछि नै आफूले येशूलाई कहिल्यै नचिनेको कुरा पत्रुसले त्यस जवान केटीलाई बताए। आफ्नो पुनरुत्थानपछि येशूले पत्रुसलाई आफ्नो पछि लाग्नका लागि फेरि बोलाउनुभएको कुरालाई याद गर्नुहोस्। पत्रुस असिद्ध नै भए तापनि अरूहरूका शिक्षक हुनका लागि येशूले उनलाई छान्नुभएको थियो।

हामीहरू कोही पनि सिद्ध छैनौं। हामी सबैले पाप गरेका छौं। तर कहिलेकहीँ पापको काममा संलग्न भएका चेलाहरूलाई येशूले छान्नुभएझैं उहाँको निम्ति शिक्षक बन्नका लागि येशूले हामीलाई छान्नुभएको छ।

हामीहरू सिद्ध छैनौं, तर हामीले येशूको वचनको आज्ञा पालन गर्दा हामी उहाँजस्तै बन्न सक्छौं। हाम्रा आफ्नै प्रयासद्वारा हामी सिद्ध बन्न सक्दैनौं भन्ने कुरा येशूलाई थाहा थियो। तर उहाँको आज्ञा पालन गरी पाप नगरेको उहाँले हामीलाई चाहनुहुन्छ। त्यसैले त हामीलाई सहायता पुर्‍याउनका लागि उहाँले पवित्र आत्मा पठाउनुभएको छ।

हाम्रा पापहरूलाई क्षमा दिइएको छ भनी जब हामीहरूलाई थाहा हुन्छ, परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा पनि हामीले जानेका हुन्छौं। प्रत्येक ख्रीष्टियानहरूले अरूहरूलाई सिकाउन सक्ने सन्देश यही नै हो। परमेश्वरले तिनीहरूलाई पनि क्षमा दिन सक्नुहुन्छ, र उहाँले तिनीहरूलाई प्रेम गर्नुहुन्छ।

ख्रीष्टियान जीवनको बारेमा अहिलेचाहिँ यसभन्दा बढ़ी

तपाईंलाई थाहा छैन होला। तर तपाईं आफूले जान्नुभएको कुरा अरू कसैलाई सिकाउन सक्नुहुन्छ। शिक्षकको सन्देशको बारेमा हामी पछिको पाठमा अझ धेरै अध्ययन गर्नेछौं।

**तपाईंको अभ्यासको निम्ति**

तलका प्रश्नहरूका जवाफ हो वा होइन, छ वा छैन, सक्छ वा सक्दैन भनी दिनुहोस्।

१ क. आफ्नो जीवनमा पवित्र आत्माको काम नभएको व्यक्तिले के बाइबलमा भएका शिक्षाहरूलाई बुझ्न सक्छ?

........................................................................

ख. बाइबलको बारेमा आफूले जान्नुपर्ने कुरालाई के सबै ख्रीष्टियानहरूले जानेका छन्? ...................................

ग. के चेलाहरू सिद्ध थिए? ........................................

घ. अरूहरूलाई उहाँका आज्ञाहरू सिकाउनका लागि के येशूले सिद्ध मानिसहरूलाई छान्नुभएको थियो?

........................................................................

ङ. परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुहुन्छ भनी के हामीले हाम्रा मित्रहरूलाई सिकाउनुपर्छ? ............................

२ परमेश्वरले तपाईंलाई उद्धार गर्नुहुँदा तपाईंको निम्ति उहाँले के गर्नुभयो, तपाईंका आफ्नै शब्दहरूमा लेख्नुहोस्। तपाईंको अख्रीष्टियान मित्रलाई तपाईं यो कसरी बताउनुहुन्छ, त्यस सम्बन्धमा विचार गर्नुहोस्। ........................................

........................................................................

३ येशूको बारेमा म सिकाउन सक्छु, किनकि (एउटाभन्दा धेरै

ठीक हुन सक्छ)

**क.** म सिद्ध छु।

**ख.** म पापी छु।

**ग.** मैले उहाँको बारेमा अध्ययन गरेको छु।

**घ.** मेरा सल्लाहकारका रूपमा पवित्र आत्मा मसँग हुनुहुन्छ।

---

## समर्पित हुनुहोस्

---

उद्देश्य २: *ख्रीष्टियान सेवाको निम्ति आफू समर्पित छु भनी देखाउनका लागि एक व्यक्तिले गर्नुपर्ने कामहरूलाई उल्लेख गर्नुहोस्।*

तपाईं जोसुकै हुनुभए तापनि अरूहरूलाई सिकाउनका लागि परमेश्वरले तपाईंलाई प्रयोग गर्न सक्नुहुन्छ। तर सिकाउनू भन्ने उहाँको आज्ञाको आज्ञाकारितामा तपाईंले आफैलाई समर्पित गर्न आवश्यक छ। समर्पित गर्नुको अर्थ "विशेष उद्देश्यको निम्ति केही कुरालाई अलग पार्नु" भन्ने हुन्छ। जब कोही व्यक्तिले पास्टर हुनका लागि छान्छ, उसले आफ्नो जीवनलाई त्यस किसिमको सेवाको निम्ति समर्पण गरेको हुन्छ। ऊ किसान वा डाक्टर वा व्यापारी बन्नुको सट्टा, पास्टर बन्नका लागि उसले योजना बनाउँछ र त्यसको तयारीको निम्ति अध्ययन गर्छ।

शिक्षण सेवाको निम्ति हामी सबैलाई यस्तो किसिमको समर्पणको आवश्यकता पर्छ। सण्डे स्कूल वा बाल-सङ्गतिमा तपाईं शिक्षक नै बन्नुभएन भने तापनि शिक्षक हुनेहरूलाई तपाईं सहयोग पुऱ्याउन सक्नुहुन्छ। सहयोग गर्ने सबैभन्दा उत्तम उपायचाहिँ इच्छुक सिकारुहरू भई सिकेका कुराहरूको आज्ञा

पालन गरेर हामी शिक्षण सेवालाई समर्थन गर्न सक्छौं।

बाल-सङ्गति वा सण्डे-स्कूलमा जो-जो शिक्षकहरू बन्छन्, पास्टरको सेवाजस्तै यो शिक्षण सेवा पूर्ण-समयको काम हुँदैन। तर जस्तो किसिमको शिक्षण हामीले गरे तापनि हामीले यसको निम्ति योजना बनाउनुपर्छ र अध्ययन गर्नुपर्छ।

शिक्षक वा शिक्षिका बन्नका निम्ति हामीले किन अध्ययन गर्नु आवश्यक छ? शिक्षकले जान्नुपर्ने र गर्नुपर्ने केही कुराहरू त्यहाँ छन्।

१. प्रत्येक व्यक्तिलाई शिक्षणको आवश्यकता छ भनी शिक्षकले विश्वास गर्नैपर्छ।
२. परमेश्वरविनाको मानिस नाश भएको छ भनी उसलाई थाहा हुनुपर्छ।
३. ख्रीष्टियानहरू आत्मिक रूपमा वृद्धि हुन आवश्यक छ भन्ने कुरा उसले जानेको हुनुपर्छ।
४. आफूले सिकाउनुपर्ने कुरा ऊ आफूलाई थाहा हुनुपर्छ। यसको अर्थ उसले आफ्नो बाइबलको अध्ययन गर्नैपर्छ।
५. अरूहरूले के गर्नुपर्छ भनी उसले सिकाएको कुरा उसले आफ्नो जीवनमा गर्नैपर्छ।

यी कुराहरूलाई प्रत्येक ख्रीष्टियानले जान्नु र गर्नु आवश्यक छ। प्रत्येक दिनको जीवनमा हुने शिक्षण सेवाको निम्ति ती कुराहरू आवश्यक छन्। शिक्षणचाहिँ चुनौतीपूर्ण हुन सक्छ। कुनै पनि ख्रीष्टियानले बाल-सङ्गति वा मण्डलीमा जहिले-जहिले सिकाउँछ, त्यहाँ अरू केही कुराको आवश्यकता परेको पनि हुन्छ। योचाहिँ पवित्र आत्माले दिनुहुने शिक्षणको वरदान हो। यस बारेमा हामी पछि कुराकानी गर्नेछौं। तर शिक्षणको वरदान नभएर अरू वरदानहरू प्राप्त गर्ने ख्रीष्टियानहरूले

मण्डली बाहिर दैनिक जीवनमा सिकाउनुपर्ने येशूको आज्ञाको पालन गर्नैपर्छ।

शिक्षणको निम्ति आफैलाई दिन जब हामी इच्छुक हुन्छौं, सो पूरा गर्न परमेश्वरले हामीलाई सहायता गर्नुहुनेछ। धेरै-धेरै वर्ष पहिले भजनसंग्रहका लेखकले लेखेका छन्ः

> आफ्नो मार्ग परमप्रभुलाई सुम्प; उहाँमा नै भरोसा राख, अनि उहाँले तिमीलाई सहयोग गर्नुहुनेछ (भजन ३७ः५)।

ख्रीष्टका आज्ञाहरूलाई पालन गर्नका लागि आफूलाई समर्पण गर्ने कुनै व्यक्तिलाई पनि परमेश्वरले कहिल्यै त्याग्नुभएको छैन।

**तपाईंको अभ्यासको निम्ति**

**४** तलको कोष्ठमा दिइएका उत्तरहरूमध्ये सबैभन्दा उत्तम उत्तरलाई तल दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क**. शिक्षकहरूले पापीहरूका बारेमा के कुरा जान्नु आवश्यक छ? तिनीहरूलाई .................... को आवश्यकता छ
(सिद्ध\शिक्षण)

**ख**. विशेष उद्देश्यको निम्ति केही कुरा अलग गर्नुको अर्थ ................................................ हो।
(यसलाई समर्पण गर्नु\यसलाई सिक्नु)

**ग**. परमेश्वरको सत्यताको बारेमा हामीले अरूहरूलाई सिकाउनुभन्दा पहिले हामीले .....................................
(सबै थोक जान्नुपर्छ\सत्यताको आज्ञा पालन गर्नुपर्छ)

**५** तलको वाक्यलाई पूरा गर्ने सबैभन्दा उत्तम बयानको अगाडिको

अक्षरमा घेरा लगाउनुहोस्।
बाल-सङ्गति वा सण्डे-स्कूलका शिक्षक नभएका ख्रीष्टियानहरूले कसरी शिक्षकहरूलाई सहायता पुऱ्याउन सक्छन्?

**क.** शिक्षणको वरदानको निम्ति आफ्ना पास्टरसँग बिन्ती गरेर।

**ख.** आज्ञाकारी सिकारु भएर।

**ग.** पास्टर बन्नका लागि अध्ययन गरेर।

---

## हरेक मौकालाई प्रयोग गर्नुहोस्

---

उद्देश्य ३: *अरूहरूलाई सिकाउनका लागि दैनिक जीवनमा मौकाहरूलाई प्रयोग गर्नमा हामी येशूको उदाहरणलाई कसरी पछ्याउन सक्छौं, व्याख्या गर्नुहोस्।*

शिक्षणको बारेमा हामीले विचार गर्दा जहिले पनि हामी सण्डे-स्कूल वा बाल-सङ्गतिको बारेमा विचार गर्ने गर्छौं। हामीहरू पुस्तकहरू र टेबिलहरू वा वक्ताले बोल्ने मञ्चको बारेमा विचार गर्छौं। तर जीवनका सबै क्षेत्रमा शिक्षणको आवश्यकता पर्छ। घरमा भएका आमा-बाबुहरू, काममा भएका कामदारहरू, भण्डारेहरू, व्यापारीहरू सबैले कसैलाई केही कुरा सिकाउन सक्छन्।

एउटा ख्रीष्टियान आफू जहाँ भए तापनि, उसले येशूको बारेमा कसैलाई सिकाउन सक्छ। पुस्तकहरू र टेबिलहरू सधैं आवश्यक पर्दैनन्।

जब, हामी येशूको जीवनलाई हेर्छौं, उहाँले धेरै ठाउँहरूमा सिकाउनुभएको कुरालाई हामी देख्छौं। एक रात निकोदेमेस नाउँ

गरेका एक जना यहूदी अगुवा येशूसँग कुरा गर्नका लागि आए। उद्धार कसरी पाउन सकिन्छ भनी उनलाई सिकाउनका लागि येशूले यो मौकालाई प्रयोग गर्नुभयो।

अर्को पल्ट, येशू र उहाँका चेलाहरू सामरियाको गाउँ हुँदै यात्रा गरिरहनुभएको थियो। त्यहाँ पुगेपछि येशू आराम गर्नका लागि त्यहाँ बस्नुभयो र उहाँका चेलाहरूचाहिँ केही खानेकुरा किन्नका लागि शहरमा गएका थिए। केही समयपछि नै एक स्त्री त्यहाँ भएको इनारबाट पानी उघाउनका लागि त्यहाँ आइपुगी। येशूले त्यस स्त्रीसँग कुराकानी गर्न थाल्नुभयो र सिकाउने मौकाको रूपमा त्यस वार्तालापलाई प्रयोग गर्नुभयो।

येशूले यहूदी मण्डलीमा मात्र सिकाउनुभएन। उहाँले समुद्रको किनारमा सिकाउनुभयो। आफू र आफ्ना चेलाहरू बाटोमा हिँडिराखेको बेलामा उहाँले सिकाउनुभयो। उहाँले घरहरूमा सिकाउनुभयो। मानिसहरूले जहाँ-जहाँ उहाँका कुराहरू सुन्थे त्यहाँ उहाँले सिकाउनुभयो।


तपाईं सँगसँगै खान बसेका मानिसहरूलाई के तपाईंले कहिल्यै परमेश्वरको वचन बाँड्नुभएको छ? शायद यी तपाईंको परिवार वा तपाईंका मित्रहरू हुन सक्छन्। बाइबलका केही पदहरूलाई पढ्नु र एकैसाथ तिनीहरूका बारेमा कुराकानी गर्नु अति नै सहयोगपूर्ण हुन्छ। यो पनि शिक्षण गर्ने एक तरीका हो।

साथीहरूसँग एकैसाथ काम गर्दा वा अरू नै बेलामा उनीहरूलाई भेट्दा उनीहरूसँग गरिएको कुराकानीले परमेश्वरको सत्यता उनीहरूसँग बाँड्नका लागि सहायता गर्छ। प्रायःजसो सबै मानिसहरू आफ्ना जीवनमा कुनै किसिमका समस्याहरूबाट भएर जान्छन्। तिनीहरूले तपाईंसँग तिनीहरूका समस्याहरूका बारेमा बताउँदा, तपाईंले आफ्ना प्रभुको बारेमा तिनीहरूलाई

सिकाउन सक्नुहुन्छ, जुन प्रभुले तिनीहरूका प्रार्थनाको जवाफ दिई तिनीहरूलाई सहायता गर्न सक्नुहुन्छ।

मैले चिनेकी एक महिलाले आफ्ना मित्रहरूलाई अभिवादन गर्दा, "आज तपाईंका निम्ति प्रभुले के गर्नुभयो" भनी सोध्ने गर्छिन्। यसले आत्मिक कुराहरूका बारेमा कुराकानी गर्नका लागि सहायता पुऱ्याउँछ। यसो गर्ने ख्रीष्टियानहरूले आफूलाई परमेश्वरले सिकाउनुभएको कुरा उनीहरूले पनि एक-अर्कालाई बाँडिराखेको अनुभव गर्छन्।

स-साना झूण्डमा घरमा बाइबल शिक्षण गर्ने बारेमा हामी अर्को पाठमा अध्ययन गर्नेछौं। सिकाउनका लागि हाम्रा वरिपरि धेरै मौकाहरू छन्। जहाँ-जहाँ तपाईं मानिसहरूलाई भेट्टाउनुहुन्छ, शिक्षणको आवश्यक परेको कुनै व्यक्तिलाई तपाईं भेट्टाइहाल्नुहुन्छ।



### तपाईंको अभ्यासको निम्ति

**६** तल दिइएको प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** सिकाउनुभन्दा पहिले हामीलाई पुस्तक र टेबिलको आवश्यकता पर्छ।

**ख.** प्रत्येक ख्रीष्टियानले कहीँ न कहीँ सिकाउन सक्छ।

**ग.** दैनिक जीवनमा सिकाउनका लागि हामीले कसरी मौका पाउन सक्छौं भन्ने बारेमा येशूले हामीलाई देखाउनुभएको छ।

**घ.** सिकाउने एउटा तरीकाचाहिँ हाम्रा समस्याहरूका बारेमा एक-अर्कालाई बताएर हो।

**७** तपाईंको शिक्षण सेवालाई प्रयोग गर्न सक्ने भिन्नाभिन्नै मौकाहरूको सूची बनाउनुहोस्। ..................................
...............................................................



---

**तपाईंको वरदानलाई विकास गर्नुहोस्**

उद्देश्य ४: *शिक्षणको वरदानलाई परिभाषित गर्नुहोस् र शिक्षण सेवामा यो कसरी सम्बन्धित छ व्याख्या गर्नुहोस्।*

नयाँ करारमा तीन पल्ट पावलले पवित्र आत्माका वरदानहरूका नाम उल्लेख गरेका छन्। प्रत्येक पल्ट शिक्षणको वरदानलाई अरू वरदानका नामहरूसँग उल्लेख गरिएको छ।

> अगमवाणीको हो भने, विश्वासको परिमाणअनुसार हामी अगमवाणी बोलौं, सेवाको हो भने, सेवाको काममा, शिक्षा दिनेले शिक्षा दिने काममा (रोमी १२:७)।

> परमेश्वरले मण्डली (एकलेसिया) मा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू नियुक्त गर्नुभएको छ (१ कोरिन्थी १२:२८)।

> अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही पास्टरहरू र कोही शिक्षकहरू बनून् (एफिसी ४:११)।

शिक्षणको वरदान प्रेरितहरूका दिनमा मण्डली निर्माणको निम्ति आवश्यक परेको थियो र आज पनि यसको आवश्यकता छ। तर बाइबलका यी पदहरूका अध्ययनबाट हामीले सिकेका छौं कि शिक्षणको वरदान सबैले प्राप्त गरेका हुँदैनन्।

मण्डली निर्माण गर्ने उद्देश्यको निम्ति दिइएका अन्य वरदानहरू पनि त्यहाँ छन्। प्रत्येक ख्रीष्टियानले एक वा त्यसभन्दा बढ़ी यी वरदानहरूलाई प्राप्त गर्न सक्छ। हामी सबैले उही वरदान नै प्राप्त गर्दैनौं होला। जस-जसले अन्य वरदानहरू पाएका छन्, ती वरदानअनुसार तिनीहरूले गर्नुपर्छ। यदि कसैको वरदानचाहिँ सेवा गर्ने किसिमको हो भने उसले सेवा

गर्नैपर्छ वा सहायताको आवश्यक पर्ने ख्रीष्टियानहरूलाई उनीहरूले सहयोग पुऱ्याउनुपर्छ।

हुन सक्छ, तपाईं यही ठाउँमा नै रोकिनुहोस्, र तपाईंका वरदानहरू के हुन् भनी प्रकट गरिदिन प्रभुसँग बिन्ती गर्नुहोस्। तपाईंलाई विशेष वरदान मिलोस् भनी परमेश्वरसँग प्रार्थना पनि गर्नुहोस्।

शिक्षणको वरदान के हो? अरू वरदानहरूजस्तै, यो अलौकिक क्षमता हो। परमेश्वरका सत्यताहरूलाई व्याख्या गर्ने र हाम्रा जीवनमा तिनीहरूलाई कसरी प्रयोग गर्ने भनी देखाउने परमेश्वर-प्रदान क्षमता यो हो। ख्रीष्टियान शिक्षकले अरूहरूले भन्दा बढ़ी परमेश्वरको वचनको बारेमा जानेकै हुनुपर्छ भन्ने छैन, तर अरूहरूलाई सिकाउन सक्ने वरदान ऊसँग हुन्छ, यसरी तिनीहरू सिक्न र वृद्धि हुन सक्छन्।

सबै ख्रीष्टियानहरू शिक्षकहरू बन्न सक्छन् भन्ने कुरा सत्य हो। पावलले कलस्सीको मण्डलीमा भएका ख्रीष्टियानहरूलाई भनेका छन्ः

> ख्रीष्टको वचन तिमीहरूमा प्रशस्तसँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ (कलस्सी ३:१६)।

हामी हाम्रो घरमा, काममा वा मानिसहरू भएका जुनसुकै ठाउँमा रहँदा पनि यस्तो किसिमको शिक्षण दिइनैरहनुपर्छ। तर मण्डली कार्यक्रममा शिक्षणको वरदान पाएका शिक्षकहरूको विशेष आवश्यकता पर्छ।

प्रत्येक ख्रीष्टियानले आफ्नो आत्मिक वरदान के हो सो पत्ता लगाई यसलाई विकास गर्नैपर्छ। कोहीसँग शिक्षणको वरदान हुन सक्छ, र यसको बारेमा उसलाई थाहै नहुन सक्छ। यदि

तपाईंमा सिकाउने इच्छा छ भने, यसलाई कोशिश गर्नु अति नै उत्तम हुन्छ। तपाईंसँग वरदान छ वा छैन भनी पत्ता लगाउने उत्तम तरीका नै यही हो। यदि तपाईंसँग यो वरदान छ भने तपाईंको शिक्षणमा प्रभुले आशिष् दिनुभएको तपाईंले अनुभव गर्नुहुनेछ र अरूहरूले पनि यसलाई देख्नेछन्।

शिक्षणको वरदान तपाईंसँग छ भनी यदि तपाईंलाई थाहा भयो भने, यसलाई प्रयोगमा ल्याउनुहोस्। आफ्नो वरदानको प्रयोग गर्नुपर्छ भन्ने बारेमा पावलले तिमोथीसँग कुराकानी गरेका थिए। तिमोथीसँग कस्तो वरदान थियो भन्ने कुरा हामीलाई थाहा छैन, तर पावलले उनलाई भनेको कुरा हाम्रो निम्ति पनि अति असल छ। उनले भनेः

> त्यसैकारण म तिमीलाई याद दिलाउँछु, कि मैले तिमीमाथि हात राखिदिएर तिमीले पाएका परमेश्वरको वरदानलाई प्रज्वलित राख (२ तिमोथी १:६)।

वरदानलाई जीवितै राख्ने उत्तम तरीकाचाहिँ तपाईंको सेवामा यसलाई मण्डलीमा प्रयोग गर्नु हो। पत्रुसले हामीलाई भनेका छन्ः

> जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका भण्डारेझैं, ती एउटा अर्काको निम्ति प्रयोग गर (१ पत्रुस ४:१०)।

शिक्षणको वरदान वा परमेश्वरले हामीलाई दिनुभएका जुनसुकै वरदानहरूलाई पनि हामीले प्रयोग गर्दा, यो वृद्धि हुनेछ। हामीले सिकाउँदा र कसरी सिकाउनुपर्ने हो भनी सिक्दा हामी अझै असल शिक्षकहरू बन्नेछौं।

**तपाईंको अभ्यासको निम्ति**

**८** मण्डलीमा सिकाउनको लागि कसलाई छानिनुपर्छ?

..........................................................................

**९** प्रत्येक ठीक वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** शिक्षणको वरदानलाई बाइबलमा एक पल्ट मात्र उल्लेख गरिएको छ।

**ख.** प्रत्येक ख्रीष्टियानले शिक्षणको वरदान प्राप्त गर्छ।

**ग.** परमेश्वरको वचनलाई व्याख्या गर्नका निम्ति सण्डे स्कूल वा बाल-सङ्गतिका शिक्षकहरूलाई शिक्षणको वरदानको आवश्यकता पर्छ।

**घ.** शिक्षणको वरदान स्वाभाविक योग्यता हो, जसलाई सिक्न सकिन्छ।

**ङ.** मेहनतसाथ अध्ययन गरेर हामीसँग शिक्षणको वरदान छ वा छैन भनी पत्ता लगाउन सक्छौं।

**च.** यदि तपाईंसँग शिक्षणको वरदान छ भने, अरूहरूको भलाइको निम्ति तपाईंले यसलाई प्रयोग गर्नु आवश्यक छ।

**१०** केको निर्माणको निम्ति शिक्षणको वरदान र शिक्षण सेवा दुवैलाई प्रयोग गर्न सकिन्छ? ..................................

..........................................................................

अब तपाईंले पहिला पाँच पाठहरूलाई पूरा गर्नुभएको छ र तपाईंको विद्यार्थी प्रतिवेदनको पहिलो खण्डको उत्तर दिन तपाईं तयारी भइसक्नुभएको छ। पाठ १-५ लाई फेरि दोहोऱ्याउनुहोस्

र उत्तर पृष्ठहरू भर्नको निम्ति विद्यार्थी प्रतिवेदनमा उल्लेख गरिएका निर्देशनहरूलाई पालन गर्नुहोस्। त्यसपछि उत्तर-पृष्ठलाई आई सी आई को ठेगानामा फर्काएर पठाउनुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१० मण्डलीको निर्माणको निम्ति।

१ **क** सक्दैन
**ख** सक्दैन
**ग** सक्दैन
**घ** सक्दैन
**ङ** सक्छ

६ **क** बेठीक
**ख** बेठीक
**ग** ठीक
**घ** बेठीक
**ङ** बेठीक
**च** ठीक

२ म यसो भन्छु, परमेश्वरले मेरा पापहरूको क्षमा दिनुभयो र उहाँले मलाई प्रेम गर्नुहुन्छ भनी उहाँले मलाई देखाउनुभयो।

८ जस-जससँग शिक्षणका वरदानहरू छन्। मण्डलीको निर्माणको निम्ति परमेश्वरले प्रत्येक ख्रीष्टियानलाई विभिन्न वरदानहरू दिनुहुन्छ।

३ ग) मैले उहाँको बारेमा अध्ययन गरेको छु।
घ) मेरा सल्लाहकारका रूपमा पवित्र आत्मा मसँग हुनुहुन्छ।

७ यहाँ केहीको मात्र सूची बनाइएको छ, तर तपाईंले अझ धेरैको सूची बनाउन सक्नुहुन्छः
मित्रहरूलाई भेट्दा
अरूहरूसँग काम गर्दा
खाना खाइराखेको टेबिलमा

४ **क** शिक्षण
**ख** यसलाई समर्पण गर्नु।
**ग** सत्यताको आज्ञापालन गर्नुपर्छ।

६ **क** बेठीक
**ग** ठीक
**ख** ठीक
**घ** बेठीक

५ ख) आज्ञाकारी सिकारु भएर